अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं


मितिः २०८०।०५।१९ गते।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला सप्तरी, विष्णुपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, विष्णुपुरमा कार्यरत लेखापाल टेक नारायण यादवले सोलार बत्ती जडान लगायत योजनाको भुक्तानी बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज लेखापाल टेक नारायण यादव र एम.आई.एस. अपरेटर विरेन्द्र कुमार यादवलाई सेवाग्राहीबाट नगद रु.२,००,०००।– (दुई लाख रुपैयाँ) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा उक्त रकम र रु.३,००,०००।–(तीन लाख रुपैयाँ) को चेकसहित मिति २०८०।०४।३१ गते नियन्त्रणमा लिएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला सप्तरी, विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव, लेखापाल टेक नारायण यादव र एम.आई.एस. अपरेटर विरेन्द्र कुमार यादवसमेतको आपसी मिलोमतो तथा योजनामा विष्णुपुर गाउँपालिका अन्तर्गत सोलार बत्ती जडान कार्य लगायत आयोजनाहरुको कार्य सम्पन्न पश्चात गाउँपालिकाबाट रकम भुक्तानी गरेवापत सेवाग्राहीसँग नगद रु.२,००,०००।—(दुई लाख रुपैयाँ) र चेकमार्फत रु.३,००,०००।—(तीन लाख रुपैयाँ) समेत गरी जम्मा रु.५,००,०००।- (पाँच लाख रुपैयाँ) घुस/रिसवत रकम लिई लिन लगाएको पुष्टि भएको हुँदा निजहरु उमेश प्रसाद यादव, टेक नारायण यादव र विरेन्द्र कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.५,००,०००।—(पाँच लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता

भोला दाहाल